# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७५।७६

मितिः २०७५१२।१२

श्री प्रमुखज्यू,
मंगलसेन नगरपालिका,
अछाम ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३५ लाख ३८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख २४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.३० लाख १४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोरा लेखापरीक्षण प्रतिवेदन पाना १७ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# मंगलसेन नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

### आर्थिक वर्ष २०७४।०७५ को एकिकृत आय-व्यय विवरण

| सि न | आय तर्फ | | | सि नं | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत बर्षको जिम्मेवारी सरेको | | २१३१५५१८.१९ | १ | चालु खर्च | | ३११४९०२११.६६ |
| | | | | | समानिकरण | ४४५८३२७०.२६ | |
| | | | | | शसर्त | २६२१५४८५०.९० | |
| | | | | | आन्तरिक | ४७५२०९०.५० | |
| क) | नगद मौज्दात | ०.०० | | २ | पूँजिगत खर्च | | १८१४९४२५०.७३ |
| | | | | | समानिकरण | १६६९४२८३५.७३ | |
| | | | | | शसर्त | ६०३१०९५.०० | |
| | | | | | आन्तरिक | ८५२०३२०.०० | |
| ख) | बैंक | ८१८१६२९.०० | | ३ | वितिय ब्यबस्था भक्तानी | | |
| ग) | धरौटी | १३०९६१८.०० | | | | | |
| घ) | नपा विभिन्न कोषतर्फ मौज्दात | ११८२४२७१.१९ | | | | | |
| २ | राजस्व - आन्तरिक आय) | | | क) | ऋण भुक्तानी | ०.०० | ०.०० |
| क) | आन्तरिक राजस्व | ६८८८३०१.७० | ६८८८३०१.७० | ख) | ब्याज भुक्तानी | ०.०० | ०.०० |
| ख) | राजस्व बाँडफाँड | ०.०० | | ग) | अन्य भुक्तानी | ०.०० | ०.०० |
| ग) | अन्य आय | ०.०० | | ४ | लगानी | ०.०० | ०.०० |
| ३ | वित्तिय हस्तान्तरण | | ५२१६०७५२२.९० | क) | ऋण लगानी | ०.०० | ०.०० |
| क) | वित्तिय समानीकरण अनुदान | २४९८७७०००.०० | | ख) | शेयर लगानी | ०.०० | ०.०० |
| ख) | शशर्त अनुदान | २७१७३०५२२.९० | | ग) | अन्य लगानी | ०.०० | ०.०० |
| ग) | सम्पुरक अनुदान | ०.०० | | ५ | धरौटी फिर्ता | ३२८५७८.०० | ३२८५७८.०० |
| घ) | विशेष अनुदान | ०.०० | | ६ | कोष खर्च | ०.०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | मौज्दात | | ५९२५७५२७.५९ |
| क) | वित्तिय समानीकरण अनुदान | ०.०० | | क) | नगद मौज्दात | ०.०० | |
| ख) | शशर्त अनुदान | ५६८०००.०० | ५६८०००.०० | ख) | बैक संचित कोष खाता | ४४२००९९१.२१ | |
| ग) | सम्पुरक अनुदान | ०.०० | | ग) | कोष तर्फ मौज्दात सबै खाताको | १२९१७७६१.१९ | |
| घ) | विशेष अनुदान | ०.०० | | घ) | धरौटी बाँकी | १३४४७४३.१९ | |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | ०.०० | | ङ) | श्रेस्ता प्राप्त नभएको बैक बांकी | ६००१०.०० | |
| ६ | वित्तिय ब्यबस्था प्राप्ती | ०.०० | | च) | कोलेनिका धरौटी | ७३४०२२.०० | |
| क) | ऋण प्राप्ती | ०.०० | | | | | |
| ख) | साँवा प्राप्ती | ०.०० | | | | | |
| ग) | ब्याज प्राप्ती | ०.०० | | | | | |
| घ) | अन्य प्राप्ती | ०.०० | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | १०९३५००.०० | १०९३५००.०० | | | | |
| ८ | नगद जनसहभागिता | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | १०९७७२५.१९ | १०९७७२५.१९ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विवध आय | | | | | | |
| | आय तर्फको जम्मा | | ५५२५७०५६७.९८ | | ब्यय तर्फको जम्मा | | ५५२५७०५६७.९८ |

केन्द्रिय राजस्व तर्फ :

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १. | १५१११ | ८,८३,७५१/- | ८,८३,७५१/- | ८,८३,७५१/- | ०० | ०० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| १. | **एकिकृत आर्थिक विवरण** : नगरपालिकाको बित्तिय बिवरणपरीक्षण गर्दा नयममा तोकेको ढाँचाबमोजिम प्रोदभावी लेखा राखी तयार नगरेको, गत बर्षको मौज्दात भिडान नभएको, बैंक हिसाव बिवरण तयार नगरेको, लेखा सफ्टवेयर भरपर्दो नभएको, कुल सम्पत्ति र दायित्व देखिने गरी लेखा तयार नगरेको, हस्तान्तरण भई प्राप्त भएका सम्पत्तिको अभिलेख अद्यावधिक नभएको आदी व्यहोार देखिएकोले वित्तीय विवरणहरुले कारोबारको वास्तविक र यथार्थ चित्रण गर्ने देखिदैन । नगरपालिकाबाट पेश भएको आर्थिक विवरण सम्बन्धमा देखिएका बिस्तृत व्यहोरा देहाय बमोजिमे छनः | |
| १.१. | **गत वर्षको जिम्मेवारी :** नगरपालिकाले गत वर्षको जिम्मेवारी रु.२,१३,१५,५१८/१९ अ.ल्या गरेको छ । गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.६५,२४,४८२/४६ मात्र बाँकी भएको उल्लेख छ । नगरपालिकाले रु.१,४७,९१,०३५/७३ बढी आम्दानी देखाएता पनि गतवर्षको मौज्दात यकिन हुन नसक्दा यसवर्ष अ.ल्या.गरेको रकम भिडान गर्न सकिएन । बास्तबिक हिसाव यकिन हुनुपर्दछ । . | |
| १.२. | **गत वर्षको जिम्मेवारी :** नगरपालिकाले गत वर्षको जिम्मेवारी रु.२,१३,१५,५१८/१९ अ.ल्या गरेको छ । गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.६५,२४,४८२/४६ मात्र बाँकी भएको उल्लेख छ । नगरपालिकाले रु.१,४७,९१,०३५/७३ बढी आम्दानी देखाएता पनि गतवर्षको मौज्दात यकिन हुन नसक्दा यसवर्ष अ.ल्या.गरेको रकम भिडान गर्न सकिएन । बास्तबिक हिसाव यकिन हुनुपर्दछ । . | |
| १.३. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । | |
| २. | **लक्ष्य/प्रगति स्थिति –** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवास्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन ।<br>कार्यालयले यस वर्ष बहुक्षेत्रीय पोषण कार्यक्रममा ५२.६ प्रतिशत र साना सिंचाई विकास कार्यक्रममा ४५.११ प्रतिशत मात्र वार्षिक प्रगति गरेको देखिएको छ । नगरपालिकाले ७५ प्रतिशत भन्दा न्यून प्रगति हासिल हुनुको कारण खुलाएको छैन । यसरी न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रयाप्त ध्यान दिएको देखिएन । उक्त बिषयमा नगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन, कार्य संचालन तथा कार्य प्रवाह तालीका स्वीकृत गरेको देखिएन,<br>• कर्मचारीहरुको कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• करको दायरा पहिचान भएको छैन,<br>• ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको छ,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट पेश भएको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• ऐन,को दफा २७ अनुसार नक्शा पास र अनुमति वेगर भवन निर्माण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन । | |
| ४. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम जम्मा गरेको देखिएन । ऐन बमोजिम योगदानमा आधारित कोष स्थापना गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५. | **न्याय सम्पादन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ वमोजिमको प्रक्रिया अपनाई नगरपालिकाले न्याय सम्पादन गरेको अभिलेख अनुसार यस वर्ष ८ वटा उजुरी परेकोमा नगरपालिकाबाट ५ वटा उजुरी न्यायिक सम्पाादन समितिबाट फरफारक भएको देखियो भने ३ वटा उजुरी आपसी समझदारीमा टुङ्ग्याएको देखिन्छ । | |
| ६. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकामा यस वर्ष जम्मा ३ वटा घरको मात्र अस्थाई अनुमति दिएको नगरपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । नगरपालिकाले नगरक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गर्न भवन निर्माण संहिता पालना गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ७. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | व्यवस्थापन गर्न जरुरी छ। | |
| ९. | **चौमासिक खर्च सन्तुलन**: स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ। कार्यालयले यो बर्ष ४९ करोड १८ लाख ३२ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ९ करोड ४३ लाख ३२ हजार (१९.२८%), दोश्रो चौमासिकमा १० करोड ३१ लाख ७६ हजार (२०.९७%) र तेस्रो चौमासिकमा २९ करोड ३८ लाख २४ हजार (५९.७४ %) खर्च गरेको पाइयो। आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ। | |
| १०. | **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरिसक्नु पर्ने व्यवस्था भएकोमो उल्लेखित अवधिभित्र ठेक्का पट्टाको कार्य सम्पन्न गर्न सकेको पाइएन। प्राप्त विवरण अनुसार कार्यालयबाट यस वर्ष विभिन्न निर्माण कार्यका लागि २३ वटा ठेक्का व्यवस्थापन भएकोमा तेस्रो चौमासिकमा २१ तथा आषाढ महिनामा मात्र ११ ठेक्का संझौता गरेको पाइयो। ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमानुसार प्रथम चौमासिक अवधिमै लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गरि सम्झौता गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ। | |
| ११. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि नगरपालिकाले ४ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ।<br><br>कार्यालयबाट प्राप्त बिबरण अनुसार यो बर्ष कुल कन्टेन्जिन्सी खर्च अनुगमन सुपरभाईजर ज्याला, भवन मरमत, अफिस सामान खरिद, सबारीसाधन मर्मत, दैनिक भ्रमणभत्ता भुक्तानी लगायत बर्क चार्ज खर्चमा रु ५५ लाख ८० हजार र ईन्धन, स्टेशनरी सुचना प्रकाशन मर्मत तथा मालसामान खरिद लगायत सानातिना खर्चमा रु.५ लाख ७५ हजार समेत रु.६१ लाख ५५ हजार (कुल पुँजिगत खर्चको १.२५ प्रतिशत) खर्च लेखेको पाइयो।<br><br>नगरपालिकाबाट प्राप्त विवरण अनुसार योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखी उप-शिर्षकगत रुपमा राख्ने गरेकोले योजनागत रुपमा कन्टिन्जेन्सी खर्च भिडान गर्न नसकिने अबस्था रहेको देखियो। साथै प्राप्त विवरणमा बहुवर्षिय आयोजनामा गत वर्ष सम्म कति खर्च भएको थियो, यो वर्ष कति भई जम्मा कति खर्च भयो सो नखुलाई चालु वर्षको खर्चमात्र उल्लेख गर्ने गरेको हुँदा कति प्रतिशत खर्च भयो एकिन गर्न सकिएन। आयोजनागत रुपमा खर्चको अभिलेख राख्नुपर्दछ। | |
| १२. | **जनशक्ती व्यबस्थापन** : स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुन नसकेकोले २१ दरबन्दी स्बीकृत भएकोमा निम्न पदमा १५ दरबन्दी रिक्त रहेको देखियो। | |

| पद | दरबन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | १ | ० | १ |
| लेखा अधिकृत | १ | १ | १ |
| शाखा अधिकृत | ३ | १ | २ |
| महिला बिकास अधिकृत /स्वास्थ्य अधिकृत | १ | ० | १ |
| सिनियर डिभिजन ईन्जिनियर (पुर्वाधार,सडक, भवन) | ३ | ० | ३ |
| उद्योग बिकास अधिकृत | १ | ० | १ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| नया सुब्बा | ७ | १ | ६ |
| सब ईन्जिनियर | १७ | ० | १७ |
| असिसटेन्ट सब ईन्जिनियर | १४ | २ | १२ |
| सहायक महिला बिकास निरीक्षक | १ | ० | ० |
| लेखापाल (आ.ले.प समेत) | २ | १ | १ |
| सह लेखापाल | १ | ० | १ |
| खरिदार (राजस्व, योजना, बडाकार्यालय, महिला बा.बा कार्यालय समेत | २१ | ६ | १५ |

कार्यालयमा कायम दरबन्दीमध्ये धेरै कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने हुनाले र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ।

१३. **अधुरो निर्माण कार्य :** आयोजना कार्यान्वियन गर्नको लागि विस्तृत सर्भेक्षण लागत अनुमान र सो अनुसारको वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा बजेट तर्जुमा गरी समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट संचालित रु. १ करोड६१ लाख ४६ हजार लागतका निम्न ४ योजनामा रु. ८३ लाख ३० हजार खर्च भईसकेकोमा विविध कारणले समयमा सम्पन्न हुन नसकेको देखियो । यसरी योजना अधुरो रहंदा अपेक्षित प्रतिफल प्राप्त नहुने तथा खर्च भएको रकम सदुपयोग नहुने एवं अधुरो काम सम्पन्न गर्न लागत बढ्न सक्ने स्थिति रहेने देखिन्छ।

| निर्माण कार्यको नाम | लागत रकम | काम शुरु मिति | सम्पन्न गर्नुपर्ने मिति | यस वर्ष सम्मको खर्च | भौतिक प्रगति(%) |
|---|---|---|---|---|---|
| चित्रे-तिखडा-रामारोसन सडक | ७८,९६,४१०/- | २०७३/११/३० | २०७३/०३/२५ | ६७,१५,५१५/६४ | ९२ |
| बसपार्क काउण्टर निर्माण | ८,३१,८०६/०४ | नखुलेको | नखुलेको | २,४३,३६७/७८ | ३० |
| हरि प्र.भण्डारी स्मृतिवाटीका निर्माण | १३,९४,३०७/५९ | " | " | ४,९३,१६६/२८ | ३५ |
| सरस्वती आ.वि. भवन निर्माण | ६०,२३,६६६/४४ | " | " | ८,७९,३८८/४४ | १५ |

यसरी समयमा योजना सम्पन्न नगर्दा लाभग्राहीले प्राप्त गर्ने सेवामा अबरोध मात्र नभई योजनाको लागत समेत बढ्दै जाने समेत देखिएकोले आवश्यक मात्रामा वजेट व्यवस्थापन लगायतको कार्यमा सुधार गरी योजना समयमा सम्पन्न गर्ने पर्ने देखिएको छ।

१४. **परामर्श खर्च :** नगरपालिकाले यस वर्ष कार्यालयमा प्राविधिक जनशक्ति नभएको कारण उल्लेख गरी नगरबोर्डको निर्णयबाट मंगलसेन-कुन्ती-बस्ती सडक खण्ड (क) र (ख), मंगलसेन-चित्रे सडक खण्ड (क) र (ख) को सर्वे, ड्इङ्ग, डिजाइन, लागत स्टीमेट र बिड डकुमेन्ट तयार गर्ने कार्यको लागि रु.१६ लाख ८५ हजार, अछाम क्याम्सको स्ट्रकचरल एनालाइसिस रिपोर्ट तयारीका लागि रु.३ लाख ३४ हजार र नगर प्रोफाइल तयार गर्न रु.१५ लाख ९८ हजार गरी कुल रु.३६ लाख १७ हजार परामर्श सेवामामा खर्च गरेको छ । उक्त प्रतिबेदनहरु हालसम्म कार्यान्वियनमा आएको नदेखिएकोले प्राप्त प्रतिवेदनहरु कार्यान्ववयन गरी परामर्श खर्चको उपयोग गर्नुपर्दछ।

१५. <u>बित्तिय समानिकरण अनुदान (चालु)</u>

**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ। नगरपालीकाले गतबिगतदेखिकै उल्लेख गरि ३ जना ह.स.चा र ६ देखि ९ जना कार्यालय सहयोगी नियुक्ती गरी खर्च लेखेकोमा नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा गत बिगतकै निर्णय तथा व्यहोरा उल्लेख गरि करार पत्र समेत अभिलेखमा नराखी करार सेवा गरी यस आ.ब.मा रु २१,९७,२००।- खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन।

१६. **भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भगरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.१.</td><td>अनुगमन प्रतिबेदन कार्यान्वयनः ४१९-२०७५।०३।२५ नगरपालिका स्तरिय कार्यक्रम तथा योजनाहरुको अनुगमन गरेको उल्लेख गरि ९ जना जनप्रतिनिधिहरुले २०७५।०३।२४ मा पेश गरेको अनुगमन प्रतिबेदन नं १ मा ७ बटा बडाका १६ स्थान तथा प्रतिबेदन नं २ मा १० जना जनप्रतिनिधिले ७ बटा बडाको १७ स्थानमा अनुगमन गरेको उल्लेख गरि रु ३,२९,३००।- खर्च लेखेको देखियो । अनुगमन प्रतिबेदनमा लागत अनुमान अनुसार कार्य नगर्ने उपभोक्तालाई आगामी दिनमा समाबेश नगर्ने र समयमै काम नगर्ने उपभोक्तालाई योजनाको भुक्तानी रोक्का गर्ने चेताबनी दिएको भनि एकमुष्ठ रुममा उल्लेख भएको तर कुन मितिमा तथा कुन आयोजनालाई उक्त चेतबानी दिएको स्पष्ट नगरीएकोले अनुगमनको प्रभाबकारीता देखिएन । यसरी एकमुष्ट मिति तथा उद्देश्य स्पष्ट रुपमा नखुलाई अनुगमन तथा मुल्याकन खर्च लेख्ने कार्य औचित्यपुर्ण नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>कानुन निर्माण पुर्वको सुबिधाःप्रदेश सरकार ७ ले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५ असार ३ गते प्रदेश ७ को राजपत्रमा प्रकासित गरि "स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन २०७५" बनाएको छ । ऐनको दफा ३ मा पदाधिकारीले आफु निर्बाचित भई अनुसुची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरि स्थानिय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउनेछन भन्ने व्यबस्था रहेकोछ । जसअनुसार राजपत्रमा ऐन प्रकाशित भएको मिति भन्दा ११ महिना पहिले देखिनै सुबिधा पाउने गरी ऐन बनाएको देखिन्छ । सो अनुसार ७३ जना जनप्रतिनिधिहरुलाई ऐन लागु हुनु भन्दा अघि ११ महिनाको पारिश्रमिक रु.८६,५३,२३३।– उपलब्ध गराएको देखियो ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बिल भरपाई :– आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ । कार्यालयले खर्च लेख्दा पुष्ट्याई बेगर खर्च लेखेकोले देखियो । खर्च पुष्ट्याई गर्ने प्रमाण पेश हुनुपर्ने रु......
<table>
<tr><th>भौ.नं मिति</th><th>कार्यक्रम</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>४३८-०७५/०३/२९</td><td>जिल्लागत प्रोफाईल तयारी बापत रोडेक नेपाललाई भुक्तानी</td><td>१५९७८७७</td><td>खरिद प्रकृया तथा छनौट सम्बन्धी फाईल पेश नभएको तथा जिन्सी दाखिला समेत नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५९७८७७</td><td></td></tr>
</table></td><td>१५,९७,८७७/</td></tr>
<tr><td>१९.</td><td>ईन्धनको लगवुकः कार्यालयले ईन्धन खर्च लेख्दा सबारी लगबुक तयार गरी राख्नु पर्दछ । नगरपालीकामा रहेका सबारीसाधनको ईन्धनबापतको खर्च लेख्दा स्पष्ट अभिलेख तथा लगवुक तयार नगरि केबल ईन्धन खरिदको बिलमात्र सँलग्न गरी ईन्धन खर्च लेखेको पाईयो । सबारी साधन बाईज लगबुक नराखिँदा ईन्धन खर्चमा नियन्त्रण हुन नसक्ने हुँदा लगबुक तथा ईन्धन कोटा परिमाण तोकि व्यबस्थित रुपले खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कर्मचारीको तलब:- स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ८८ बमोजिम स्थानिय सरकारका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुनेछ भन्ने व्यबस्था रहेको छ । स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका ७ जना कर्मचारीको तलब रु.२३,७१,६६८।- खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । जसबाट तलब तथा ग्रेड लगायतका खर्च यकिन गर्न सकिएन । तसर्थ तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २१. | शिक्षा तर्फ<br>**शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको बारेमा अभिलेख राखेको पाईएन । बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |
| २२. | **तलबी प्रतिबेदन–** बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७४।०७५ को खण्ड १ (शिक्षक तलब भत्ता सम्बन्धी जानकारी मा आधारभुत तथा माध्यमिक शिक्षकका लागी तलब भत्ताको व्यबस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यबक्तिको सिफारीस अनुसार स्थानिय तहले सम्बन्धीत बिद्यालयको बैकखातामा मासिक रुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखाना बाट पारित गरी प्राप्त तबली प्रतिबेदनका आधरमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ । नगरपालीका स्थीत बिद्यालयहरुको शिक्षकहरुको लागी तलब भत्ता खर्च लेख्दा श्रोतव्यक्तिको सिफारीस तथा शिक्षकहरुको तलबी प्रतिबेदन बेगर केबल बिद्यालयको माग फारम संलग्न गरि आधारभुततर्फ रु.७,७३,७१,७७०।६८ तथा माध्यमिकतर्फ रु.२,५५,६६,३४९।२० तलबभत्ता खर्च लेखेको छ । जसले गर्दा बास्तबिक भन्दा बढि तलबभत्ता तथा ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन । अतः निर्देशिका तथा कार्यक्रम कार्यान्वयन पुस्तिकाको कडाईका साथ पालना गर्नुपर्दछ । | |
| २३. | **बाल शिक्षिकाहरुको पारिश्रमिक-** बिद्यालय क्षेत्र बिकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह ) लगायत आ.ब २०७४।०७५ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बुदा नं २.१५.११. मा बिद्यालय र बिद्यालय सँग मातृ सम्बन्ध स्थापना गरि सँचालनमा रहेका प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागी प्रति महिना रु ६००० का दरले पारिश्रमिक व्यबस्था छ जसको बुदा नं (क) अनुसार सहयोगी कर्मचारीको प्रमाणीत हाजिरी बिबरण सहित सिफारीस गर्नुपर्ने तथा बुदा नं (ग) मा उक्त कार्यकर्ताको लागी निकासा दिँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७४ भरी श्रोतव्यक्ती तथा बिद्यालय निरीक्षकबाट रुजु गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको बिबरण अद्यावधिक गर्न लगाई सो को बिबरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यबस्था रहेको छ । नगरपालीकाले उक्त बिवरणहरु सँलग्न्न नगरि यस कार्यक्रम अन्तर्गत ५१ शिक्षा केन्दको लागी रु ३९,७८,०००।- पारिश्रमिक तथा रु ५२७५००।०० मसलन्द खर्च लेखेको छ । जसबाट उद्देश्यअनुरुप कार्यक्रम सँचालन भयो भन्न सक्ने आधार भएन । तसर्थ निर्देशिकाअनुरुप कार्यक्रम सँचालन हुनुपर्दछ । | |
| २४. | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम<br>**न्यानो झोला वितरण :**स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन २०७४/७५ को नं. ६ अन्तर्गत सुरक्षित मातृत्व कार्यक्रम प्रत्येक सुत्केरीलाई वितरण गर्नुपर्नेमा थप २०० वटा समेत ४१० खरिद भएको मध्ये नगर क्षेत्रमा ६२३ जना सुत्करी भएकोमा अछाम अस्पताललाई ३२० वटा वितरण गरेको छ । जनाली बण्डाली स्वास्थ्य चौकीलाई २० र अन्य ६ वटा स्वास्थ्य चौकीलाई १० वटाको दरले वितरण गरेको देखियो । जनाली बण्डाली स्वास्थ्य चौकीमा २५ वच्चा जन्म भएकोमा २०, जुपु स्वास्थ्य चौकीमा ४३ वच्चा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | जन्मिएको अवस्थामा जन्म संख्या  र न्यानो झोला वितरण अनुपात समान देखिएन । आवश्यकता अनुसार खरिद कार्य गरी वार्षिक खर्चको यथार्थ खर्चको लेखाङ्कन हुने गरी खरिद एवं बितरण कार्यमा सुधार हुनुपर्दछ । | |
| २५. | **राशन खरिदको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ (१) मा अनुसूची-६ अनुसार लागत अनुमान तयार गरी उपनियम २ मा गठित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट स्वीकृत गर्नुपर्नेमा प्रति छाक खाना सेटका आधारमा क्यान्टीन मूल्यमा बिरामीलाई खुवाउने गरी राशनको लागत अनुमान तयार गरेको नियम सम्मत देखिएन । नियमले तोकेको व्यवस्था अनुसार बिरामी संख्या यकिन गरी स्केल बमोजिम हुने खपत अनुसारको लागत अनुमान तयारी एवं स्वीकृत गर्नुपर्ने देखिन्छ । यस वर्ष रु.८ लाख वजेट प्राप्त भएकोमा स्वास्थ्य कर्मीबाट हाजीरी प्रमाणित गरेको आधारमा खाना संख्या गणनाका आधारमा रु.७,९९,४६९/- खर्च गरेको छ । नियमको उक्त व्यवस्था बमोजिम लागत अनुमान तयार गरी खरिद कार्य प्रभावकारी बनाइनु पर्दछ । | |
| २६. | **आयुर्वेद औषधी खपत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिलभरपाई एवं त्यसलाई पुष्ट्याई गर्ने पूर्ण प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगर पालिकाले यसवर्ष आयुर्वेद स्वास्थ्य सेवा वितरणका लागि सुन्दर आयुर्वेदिक औषधी पसलबाट रु.३,४०,०३४/- का विभिन्न २७ प्रकारका  औषधीहरु खरिद गरेकोमा नियमको उक्त व्यवस्था बमोजिम औषधीको प्रकार र विवरणका विवरण तयार गर्ने गरेको देखिएन । साथै अन्य बिरामीहरुका लागि बितरित निशुल्क औषधीहरुको समेत खरिदका अनुपातमा कस्लाई कस्तो प्रकारको औषधी बितरण गरिएको सोको व्यवस्थित अभिलेख राखेको नपाईएको औषधी बितरण प्रणालीमा भएको खर्चप्रति आश्वस्त हुने आधार देखिएन । औषधी खपत एवं बितरण प्रणालीको अभिलेख व्यबस्थापनमा सुधार हुनुपर्दछ । | |
| २७. | <u>सामाजिक सुरक्षा भत्ता वितरण</u><br>**बैंक खाता :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार नगरपालिकाले ग्रामिण इलाकामा बैकिङ्ग सुबिधा नभएकोले वडा नं.१२, १३ र १४ मा वडा जनप्रतिनिधीको रोहबरमा वडा सचिवले नगद बितरण गर्ने गरेको छ । वडा नं.१ देखि ११ वडाहरुमा कार्यालय मार्फत खोलिएको बैक खातामा रकम दाखिला गर्ने र बैकबाट बितरण भएको आधारमा थप किस्ताहरु वितरण गर्ने गरेको पाइयो । पहिलो किस्तामा रु.२,४९,१२,४००/- अन्तिम चौमासिकमा रु.४,८८,३२,२००/- गरी कुल रु.७,३७,४४,६००/- खर्च भएकोमा आर्थिक वर्षको अन्त्यमा बैक विवरण लिई खर्च यकिन गरेको देखिएन । बैकलाई निकासा दिंदा पहिलो किस्ता वितरण गरी बाँकी रहेको मौज्दात घटाई निकासा दिने गरेता पनि आर्थिक वर्षको अन्त्यमा हिसाव मिलान नगर्दा सामाजिक सुरक्षामा भएको वार्षिक खर्च यकिन गर्ने आधार नदेखिएकोले सम्बन्धित बैकहरुमा रहेको मौज्दात यकिन गरी भत्ता वितरण रकम यकिन गर्नु पर्दछ । | |
| २८. | **सफ्टवेयर प्रणाली :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएकोले छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ । | |
| २९. | <u>बित्तिय समानिकरण अनुदान (पुँजीगत)</u><br>**खरिद योजना :-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक १० लाख रुपैया भन्दा बढि रकमको खरीद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना बनाउनु पर्ने व्यबस्था छ । नगरपालिकाले बार्षिक १० लाख भन्दा बढिको कार्यालय समान लगायत १५ करोड भन्दा बढिको निर्माण कार्य बिभिन्न उपभोक्ता समितमार्फत गर्ने गरेको छ । नियमाबलीको व्यवस्था अनुसार खरिद योजना बनाउने गरेको देखिएन ।  खरीद  योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । योजना बनाएर कार्यक्रम सँचालन गर्नुपर्दछ । | |
| ३०. | **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा निम्न उपभोक्ता समितिलाई  भुक्तानी दिंदा कर बिजक पेश नगरेको डोजर भाडा संझौताको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | रकममा १.५ प्रतिशत कर कट्टा गरेको देखियो । कर बिजक पेश नगरी भाडा भुक्तानी गर्दा १० प्रतिशत भाडा कर असुल गर्नपर्नेमा नगरेकोले घटी कर रकम असुल गर्नुपर्ने रु... | ५,२३,८४४/- |

| भौ.नं मिति | उ.स.को नाम | भुत्तानी पाउनेको नाम | संझौता रकम | १० % कर | असुल रकम | बाँकी असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| १८,०७४/८/०३ | सालीभेना अम्लाकोट ग्रा.स. | अग्नी कन्स्ट्रक्सन(जेसिवि) | ६,००,०००/- | ६०,०००/- | ९,०००/- | ५१,०००/- |
| २२, ०७४/८/०५ | रेडक्रस तोल्यान अस्पताल स.नि.उ.स. | कौसिक निर्माण सेवा(डोजर) | ४,८७,५००/- | ४८,७५०/- | ७,२००/- | ४१,५५०/- |
| २८, ०७४/८/११ | भाटवाडा कुकुडिपाडा ग्रा.स.नि.उ.स. | कौसिक निर्माण सेवा(डोजर) | ६,२६,२५०/- | ६२,६२५/- | ७,६०४/- | ५,०२१/- |
| ३०, ०७४/८/१४ | सेरेखेत भाडेगडा सडक मरमत | कौसिक निर्माण सेवा(डोजर) | १,५०,०००/- | १५,०००/- | २,१६०/- | १२,८४०/- |
| ३४, ०७४/९/०५ | चौका सोलाने स.नि.उ.स. | रोशन कन्स्ट्रक्सन(डोजर) | ३,६४,९९५/- | ३६,४९९/- | ५,४७५/- | ३१,०२४/- |
| ३४, ०७४/९/०६ | तोलागाडा कुस्वान ग्रा.स.नि.उ.स. | काक्रेबिहार कन्स्ट्रक्सन(डोजर) | २,४०,०००/- | २४,०००/- | ०० | २४,०००/- |
| ३६, ०७४/९/०६ | तिखडा बुढाखाँड ग्रा.स.नि.उ.स. | श्री पूर्ण बहादुर भण्डारी | २,९२,०००/- | २९,२००/- | ४,३८०/- | २४,८२०/- |
| ४२, ०७४/९/११ | बागापाटा डाडाघर ग्रा.स.नि.उ.स. | नन्दमाला निर्माण सेवा | २,५०,०००/- | २५,०००/- | ३,९३६/- | २१,०६४/- |
| ४९, ०७४/९/१७ | खालीगाँउ ढल्के ग्रा.स.नि.उ.स. | काक्रेबिहार कन्स्ट्रक्सन(डोजर) | ५,०७,५००/- | ५०,७५०/- | ७,६०५/- | ४३,१४५/- |
| ५७, ०७४/९/२६ | ठाटीखाँड बिर्खु ग्रा.स.नि.उ.स. | कालिका निर्माण सेवा(डोजर) | १६,३८,०००/- | १,६३,८००/- | २४,५७०/- | १,३९,०५०/- |
| ७०, ०७४/१०/३ | चिन्देखान ग्रा.स.नि.उ.स. | काक्रेबिहार कन्स्ट्रक्सन(डोजर) | १,९९,५००/- | १९,९५०/- | २,८८०/- | १७,०७०/- |
| ७७, ०७४/१०/०८ | भिभुसुधार मा.वि.सडक | नन्दमाला निर्माण सेवा | ३,८०,२५०/- | ३८,०२५/- | ७,५०५/- | ३०,५२०/- |
| ७९, ०७४/१०/१० | बासाबाडा कैलाशखोला स.नि.उ.स. | काक्रेबिहार कन्स्ट्रक्सन(डोजर) | ३,८५,०००/- | ३८,५००/- | ५,७६०/- | ३२,७४०/- |
| | | जम्मा | | | | ५,२३,८४४/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **<u>उपभोक्ता समितिबाट निर्माण कार्य</u>** | |
| ३१. | **मेसिनको प्रयोगः-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालीकाले अधिकांस ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो ।<br>श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमाबलीको मनसाय भएतापनि अधिकाँश बाटो २० प्रतिशत जनश्रम र ८० प्रतिशत मेसिनबाट काम गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । | |
| ३२. | **मेसिन भाडामा अनेकताः-** एउटा जिल्ला भित्र प्रयोग हुने डोजरको भाडा जिल्ला दररेट अनुसार हुनु पर्दछ ॥ आ.ब २०७४।०७५ को जिल्ला दररेटमा डोजरको भाडा प्रतिघण्टा रु.२,०००/- रहेको उल्लेख छ । नगरपालिकाले डोजरको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटलाई आधार लिई तयार | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>गरेतापनि उपभोक्ताले सोही काम गर्दा प्रतिघण्टा न्युनतम ३५००।- देखि ९०००।- सम्म डोजर भाडामा लिई सम्झौता गरेको देखियो । नगरपालीकाले डोजर भाडामा एकरुपता ल्याउन आबश्यक निर्णय गरि उपभोक्ताले मनोमानि भाडा सम्झौता गरि काम गरेको देखाई बिल पेश गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । फरक फरक दरमा सम्झौता गरि काम गराएका उदाहरण यस प्रकार छन :<br>
<table>
<tr><th>भौ.न मिति</th><th>उपभोत्ता समिति</th><th>निर्माण व्यबसायी</th><th>डोजर भाडा दर</th></tr>
<tr><td>५७-०७४/०९/२६</td><td>बडा नं १२ बिर्खु ग्रा.स उपभोत्ता समिति</td><td>कालिका निर्माण सेबा को डोजर भाडा</td><td>६,५००/-</td></tr>
<tr><td>७०-२०७४/१०/०३</td><td>बडा नं ७ चिन्देखान ग्रा सडक</td><td>काके बिहार कन्टक्सन</td><td>३,५००/-</td></tr>
<tr><td>२१२-२०७४/१२/२१</td><td>बडा नं ९ कैलास खोला ठाडिगाँउ ग्रा सडक निर्माण उपभोत्ता समिति</td><td>अग्नी कन्टक्सन</td><td>७,०००/-</td></tr>
<tr><td>३०२-२०७५/०२/०३</td><td>बडा नं १० लुगाडर पानीखेल ग्रा.उ.स</td><td>रोशन कन्ट्रक्सन</td><td>४,०००/-</td></tr>
<tr><td>४२६-२०७५/०३/०८</td><td>न.पा. बडा नं १३ डाडिगडे उ.स</td><td>दिल कन्ट्रक्सन</td><td>९,०००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.</td><td>सामाजिक/ सार्बजनिक परीक्षण तथा सुनुबाई :- स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन ।</td><td></td></tr>
<tr><td>३४.</td><td>अनुगमन निरीक्षण:- नगरपालिकाले अधिकाँश नयाँ ग्रामिण सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सँचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालीका बा नगरपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसारका केहि आयोजनामा अुनगमन प्रतिबेदन राखेतापनि सवै आयोजनामा अनुगमन प्रतिबेदन राखेको छैन । राखेको प्रतिबेदनमा पनि निर्माण कार्यको नाम कामको लम्बाई, चौडाई, नरम माटो, र कडा माटो वा चट्टानको कार्य के कति गरेको, के कति काम नभएको स्पष्ट नखुलाई प्रतिबेदनमा निरीक्षण गरिएका आयोजनाहरुको नाम लेखि लक्ष अनुसार काम नगर्ने आयोजनालाई सचेत गराउने वा अर्को काम नदिने जस्ता व्यहोरा उल्लेख गर्ने गरेको देखियो कुन आयोजनाबाट के काम गरेन र कसलाई सचेत वा काम नदिने कार्य गरियो सो को आधार प्रमाण गरको देखिएन ।<br>सम्बन्धित पदाधिकारीहरु बाट हुने अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>आयोजना हस्तान्तरण सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ३०० भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३६.</td><td>उपभोक्ता समिति दर्ता – संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति बिघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३७. | **नापी किताब** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>नगरपलिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| | **योजना कार्यान्वयन** | |
| ३८. | **न्युन बजेटका योजना सँचालनः-** नगरपालिकाले यो बर्ष नगरपालिका पुजिगत बजेट अनुदान शिर्षकबाट जम्मा ४३३ कार्यक्रमको लागी बजेट स्वीकृत गरको मध्ये रु २५०००।- देखि ७५०००।- सम्मको ४४ र १ लाख का ५२ समेत ९६ योजना रु १ लाख भन्दा कम बजेटको स्वीकृत गरेको देखियो । यस्ता आयोजना कार्यान्वयन गर्दा लाग्ने लागत भन्दा त्यसको लागत अनुमान तयार गर्ने , निर्माण कार्यको निरीक्षण गर्ने, नापजाँच गर्ने र अनुगमन एबं सार्बजनिक परीक्षण गर्ने कार्यमा बढि खर्च लाग्न सक्ने हुँदा न्युन बजेटका योजना सँचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३९. | **सबारी साधन खरिदः-** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ३१(ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरबाट क्याटलग सपिङ गर्न सकिने व्यवस्था छ । सो अनुसार नगरपालिकाले *ford endeavour(3200 cc)* को मोटर *go automobiles kathmandu* बाट पेश गरेको रु.१,२१,००,०००।- को क्याटलग सपिङ दरमा छुट माग गरी १,२०,००,०००।- मा सिधै खरिद गरि भुक्तानी दिएको छ । नियमाबलीमा के कति रकम सम्मको मोटर सिधै खरिद गर्न सकिने हो उल्लेख छैन ।<br>सार्बजनिक खरिद अनुगमन कार्यालयले बनाएको मापदण्ड अनुसार ६० लाख सम्म क्याटलग बिधिबाट खरिद गर्न सकिने उल्लेख छ । २०७५।०२।२३ गते बसेको नगर कार्यपालीकाको बैठकले २०७५।०२।०८ को सुचना अनुसार ६० लाख मात्र स्पेसिफिकेशन को सवारी साधन आपुर्ति गर्न प्रस्ताब प्राप्त नभएको र वोलपत्र गर्न समय अभाब भएको हुँदा रु ६० लाख थप गरि रु १,२,००,०००।- सम्मको सबारी साधन क्याटलग बिधिबाट खरिद गर्न प्रशासकिय प्रमुखलाई अख्तियारी दिने निर्णय गरको आधारमा उक्त सबारी साधन खरिद भएको देखिन्छ ।<br>सार्बजनिक खरिद अनुगमन कार्यालयले बनाएको मापदण्ड तथा आर्थिक बर्षको सुरुमै निर्णय गरि बोलपत्र आब्हान गरि खरिद गर्ने योजना कार्यान्वयन गर्नेतर्फ नगरपालीकाले ध्यान पुर्‍याएको देखिएन । | |
| ४०. | **भेरिएशन :-** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको बखत पुर्बानुमान गर्न नसकेको परिस्थीति सिर्जना भएमा भेरिएशन स्वीकृत गर्नुपर्ने र स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ७८(७) मा सार्वजनिक तथा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्य गर्नुपर्ने उल्लेख छ । पिठिबान्ना- जब्दीघाट- लोडेघाट सडक निर्माण उपभोक्ता समितिसँग रु ३१,०१,४४८।- को लागतमा सम्झौता गरि रु ३२,००,०००।- नगरपालीकाले भुक्तानी गरि सम्झौता भएकोमा रु ३८,३८,५२३।३९ मा कार्य सम्पन्न भएको भनि रु ३२,००,०००।- मा कन्टेन्जेन्सी रु १,२८,०००।- कट्टा गरि ३०,७२,०००।- भुत्तानी दिएको छ । सुरु लागत अनुमानको रकममा बढि भुक्तानी नदेखिएतापनि निम्नानुसारको कामको परिमाण घटबढ हुँदा बाटोको लम्बाई (ड्रईङ , डिजाईन ) घट्न गएको र कडा | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>माटो र नरम चट्टानको काम घट्न गई कडा चट्टानको काम बढ्न गएको देखियो । यसरी कामको परिमाण थपघट हुँदा उपभोक्ताको निबेदन एबं प्राबिधिक कारण खुलाई भेरिएशन स्वीकत गरेरमात्र काम गराउनुपर्नेमा सो नगरि कार्य गराएको नियम सगँत देखिएन । साथै उक्त कामको अनुगमन गरेतापनि सार्बजनिक एवं सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाईको काम गरेको पाईएन ।
<table>
<tr><th>सि.नं</th><th>कामको बिबरण</th><th>लागत अनुमान</th><th>सम्पन्न परिमाण</th><th>दर</th></tr>
<tr><td>१</td><td>नरम माटो कटान</td><td>२३१९ घ.मी.</td><td>७७९घ.मी.</td><td>८९१८९</td></tr>
<tr><td>२</td><td>कडा माटो चट्टान</td><td>३०२४घ.मी.</td><td>७७९घ.मी.</td><td>११५.६८</td></tr>
<tr><td>३</td><td>नरम चट्टान कटान</td><td>२५७७घ.मी.</td><td>१०८३घ.मी.</td><td>३१९.२२</td></tr>
<tr><td>४</td><td>मध्यम चट्टान कटान</td><td>१४४२घ.मी.</td><td>१६८६घ.मी.</td><td>५४९.९४</td></tr>
<tr><td>५</td><td>कडा चट्टान कटिङ</td><td>७६५घ.मी.</td><td>११३०घ.मी.</td><td>२१२७.५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>मुल्य अभिबृद्धि कर समायोजन-मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर वापत भुक्तानी गरेकोमा आसाढको अन्तिममा मात्र निर्माण व्यबसायीले क्रम नं.१ को कर बिजक जारी गरेको छ । अत: आषाढमा भुक्तानी भएको मुल्य अभिबृद्धि कर समायोजन को प्रमाण पेश हुनुपर्ने रु.............
<table>
<tr><th>भौ.नं मिति</th><th>कामको बिबरण</th><th>निर्माण व्यबसायी</th><th>मु.अ.कर दर्ता न.</th><th>भुक्तानी रकम</th><th>मु.अकर रकम</th></tr>
<tr><td>५७९-०७५/०२/३२</td><td>न.पा.को भवन निर्माण</td><td>मँगलासैनि ढुबानी तथा निर्माण सेवा</td><td>६१२५०१८६४</td><td>४२७६१४</td><td>५५५८९.८४</td></tr>
<tr><td>५८४-०७५/०३/३२</td><td>बडा नं ९ कार्यालय भबन मर्मत</td><td>एम .डि कन्ट्रक्सन</td><td>३०१६९३१५४</td><td>४२९७३९</td><td>५५८८६.१४</td></tr>
<tr><td>५८१-०७५/०३/३२</td><td>बडा नं ५ कार्यालय मर्मत</td><td>सिर्जना निर्माण सेवा</td><td>६०७०८७०३२</td><td>४१९४७५</td><td>५४५३१.७५</td></tr>
<tr><td>५८४-०७५/०३/३२</td><td>बडा नं ३ त्रिबेणीधाम शौचालय निर्माण</td><td>गुप्ता निर्माण सेवा</td><td>३०३३३२३१४</td><td>४२६०४२.९६</td><td>५५३८५.५५</td></tr>
<tr><td>५८६-०७५/०३/३२</td><td>बडा नं १४ कैलाश बहुमुखि क्याम्पस खेल मेदान निर्माण</td><td>न्यु हिमाल नि. सेवा</td><td>३०३५७३१०६</td><td>४२९३१७.३९</td><td>५५८११.२६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२७७२०४.५४</td></tr>
</table></td><td>२,७७,२०४/५४</td></tr>
<tr><td>४२.</td><td><u>ब.उ.शि.नं.३३७३२०४ बहुक्षेत्रीय पोषण</u><br>कार्य प्रगति :युनीसेफ, नेपाल सरकार र नगरपालिकाको संयुक्त प्रयासमा पोषण कार्यक्रमलाई एकिृत रुपमा संचालन गर्न नगरपालिका बोर्ड बैठकको मिति २०७४/०६/०४ को निर्णय नं.१६ बाट रु.१५ लाख वजेट स्वीकृत गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार रु.२९ लाख ७७ हजारको विभिन्न कार्यक्रम स्वीकृत भएकोमा नेपाल सरकार र युनीसेफको तर्फबाट रु.९ लाख ७० हजार तथा नगरपालिकाबाट रु.११ लाख ८३ हजार गरी रु.२१ लाख ५३ हजारको कार्य संचालन भएको छ ।<br>स्वीकृत कार्यक्रम अनुसार नगर क्षेत्रमा रहेको पोषण लक्षित जनसंख्याको प्रोफाइल तयार गर्ने, सञ्चालित कार्यक्रमको अनुगमन एवं समिक्षा गर्ने लगायत कार्यक्रमको प्रभावकारीता मापन गर्ने कार्य गरेको देखिएन । समग्र नगरको प्रोफाइल तयार नहुँदा आगामी दिनमा तय गर्नुपर्ने योजना तयारी गर्ने आधार नदेखिनुका साथै संचालित कार्यक्रमबाट भएको उपलब्धि प्रति आश्वस्त हुने आधार देखिएन । तथ्यांकका आधारमा कार्य योजना बनाई कार्य संचालन एवं अनुगमन मूल्याङ्कनलाई प्राथमिकता दिइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td><u>व.उ.शि.नं.३६५८४४४ साना सिंचाइ आयोजना</u><br>निकासा एवं कार्य सम्पन्न : नगरक्षेत्रमा सिंचाइ सुबिधा उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकारको रु.३३ लाख ८३ हजार र स्वीस सरकारको अनुदान रु.४१ लाख १७ हजार गरी कुल रु.७५ हजारको ५ वटा योजना संचालन भएको पाइयो । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा अनुसार तोकीएको प्रगती गर्नपर्दछ । कार्यालयले सञ्चालन गरेका सिंचाई योजना संचालनका लागि नेपाल</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| | सरकारको तर्फबाटरु.३३ लाख ८३ हजार निकासा भएता पनि स्वीस अनुदान निकासा भएको पाइएन । बोक्सडा सिंचाइ कुलो, घट्टेवजार, ढल्ले, धौपडा र छडिखोला जलउपभोक्ता समितिसंग २०७५ आषाढ मसान्तमा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा कुनै उपभोक्ता समितिले कार्य सम्पन्न गर्न नसकि २०७५/१०/३० सम्म म्याद थप भएको पाइयो । समयमा कार्य शुरु गर्न नसकेको कारण स्वीस अनुदान निकासा लिन र समयमा कार्य सम्पन्न गर्न नसकेको कार्यालयले जनाएको छ । तोकीएको कार्यक्रम समयमा संचालन गरी लक्ष्य अनुसार निकासा खर्च गर्नेतर्फ सुधार गर्नुपर्दछ । | |
| ४४. | **प्रयास हेलभाटस कार्यक्रम**<br>**बिजक तथा लेखापरीक्षण** :(३२-०७५/०३/२२) रुडेक नेपालसंग मिति २०७४/१०/१६ मा भएको संझौता अनुसार तोकिएको कार्य सम्पन्न भए पश्चात कार्ययोजना कार्यान्वयन गर्दा नियमानुसार लाग्ने कर तथा अन्य दस्तुरहरु संस्था स्वयमलाई लाग्ने गरी बिजक जारी गर्ने एवं कार्यक्रमका लागि प्राप्त रकमको लेखापरीक्षण गरी प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने गरी सम्झौता गरेकोमा कार्य सम्पन्न गरेको वार्षिक प्रतिवेदनको आधारमा पहिलो किस्ता रु.४,८०,०००/- र अन्तिम किस्ता रु.३,३०,०००/- गरी जम्मा रु.८,१०,०००/- भुक्तानी गरेकोमा बिजक तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको नदेखिएकोले तोकिएको काम भएको छ भन्न सक्ने आधार नभएको रु... | ८,१०,०००/- |
| ४५. | **तथ्याङ्क व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ण मा कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने नगरपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने नगरेको देखिएकोले खर्चको प्रभावकारीता एवं भावी रणनीतिका लागि आवश्यक कदम चाल्नुपर्दछ । | |
| ४६. | **आन्तरिक राजस्वतर्फ**<br>**आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आ.व. ०७२/७३ मा रु.३१ लाख ४५ हजार, आ.व. ०७३/७४ मा रु.३० लाख ३० हजार यथार्थ राजस्व असुल गरेकोमा यस वर्ष रु.७५ लाख लक्ष्य राखेता पनि रु.३३ लाख ९५ हजार (४५.२६ प्रतिशत) मात्र संकलन गरेको छ । राजस्वका बैकल्पिक स्रोतहरु पहिचान गरी नगरपालिकाको आम्दानी बृद्धि गर्ने तर्फ आवश्यक पहल गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । | |
| ४७. | **डोजर तथा ट्रीपर संचालन :** नगरपालिकाले आफुसंग भएको भारी औजार प्रयोग गरी नगरको विकास निर्माण गर्दै आएको छ । उक्त कार्यबाट वर्षभरी जम्मा रु.४,५८,९२१/- मात्र आम्दानी देखाएको छ । जिल्ला दररेट अनुसार प्रति घण्टा रु.२ हजारको दरले भाडा हिसाव गर्दा पनि उक्त रकम ज्यादै न्यून देखिएकोले उक्त आम्दानीले खर्च धान्न सक्ने स्थिति देखिदैन । कार्यालयले उक्त भारी औजारको छुट्टै लागत गणना गर्ने गरेको छैन । डोजर तथा टीपर प्रयोग गर्दा संझौता तथा लगबुक व्यवस्थित गरी बास्तबिक खर्च र आम्दानी गणना हुनेगरी नियन्त्रण प्रणाली लागुगरी आम्दानी खर्चको यथार्थ बिश्लेषण सहित आय व्यय व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४८. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले साबिकको बस्ति, बान्नातोली र कालागाँउ गाबिसको सम्पत्तिको अवस्था हालसम्म यकिन गरेको नपाईएकोले ऐनको उक्त व्यवस्थाको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ । नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगतमा उक्त गाँउ विकास समितिहरुको मोटर साइकल, कम्प्युटर, फर्निचर लगायतका समानहरु अभिलेखाङ्कन गरेको पाईएन । यसरी जिन्सी | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>जिन्सी व्यवस्थापन-जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेखित व्यहोरा मध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनि ठहर्‍याएका मालसामान १ बर्षभित्र लिलाम गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको मिति २०७५/०४/१५ मा प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा अनावश्यक कर्मचारीलाई वितरण भएको ल्यापटपहरु फिर्ता हुनुपर्ने, कम्प्युटर लगायत सामानहरु मूल्याङ्कन गरी लिलाम गर्नुपर्ने, RAP बाट हस्तान्तरित सामानहरु आम्दानी बाध्नुपर्ने लगायत व्यहोरा उल्लेख भएकोमा हालसम्म सो उपर कारबाही भएको पाईएन । नियमाबलीमा उल्लेख भएअनुसार जिन्सी व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.</td><td><u>धरौटीतर्फ</u><br>धरौटी फिर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) क मा रिटेन्सन मनि भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि भुक्तानी दिइने छ, भन्ने उल्लेख छ । कार्यालयले निम्नानुसार धरौटी रकम फिर्ता गरेकोमा आय विवरण पेश गरेको प्रमाण पेश गरेको नदेखिएकोले उक्त प्रमाण पेश हुनु पर्ने रु......
<table>
<tr><th>भौनं मिति</th><th>व्यबसायीको नाम</th><th>रकम रु</th></tr>
<tr><td>३,०७४।०८।१३</td><td>उग्रतारा टेक्नीकल गुड</td><td>१,२२,०००/-</td></tr>
<tr><td>५,०७५।१०।२४</td><td>,,</td><td>२,०६,५७८/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,२८,५७८/-</td></tr>
</table></td><td>३,२८,५७८/-</td></tr>
<tr><td>५१.</td><td>बित्तिय जबाफदेहिता : प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्याँकन गर्दा सँगठन सँरचना तथा कार्यबिबरण एबँ जिम्मेबारी स्वीकृत नभएको,आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको,कार्यक्रम सँचालन तथा बजेट खर्च कम भएको, बेरुजु लगत तथा फछ्र्यौटको स्थीति न्युन रहेको, नागरिक बडापत्र तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिको उपायमा कमजोर रहेको,ठेक्का बन्दोबस्त तथा ठेक्का सम्झौता कार्यान्वयनमा कमजोर रहेको, आदी कारणबाट ग्रेड B मा पर्न गएको देखिन्छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन,र ठेक्का सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>बेरुजू - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.५ लाख २४ हजार र प्रमाण कागजात पेश नभएको बेरुजू रु.३० लाख १४ हजार गरी रु.३५ लाख ३८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएबाट सोही व्यहोरा बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>६८६८</td><td>१२०७</td><td>५६६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४.</td><td>अद्यावधिक बेरुजू स्थिति : नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>यो वर्षको कायम बेरुजू रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>५६६१</td><td>०</td><td>३५३८</td><td>९१९९</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची– १

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | अछाम | मंगलसेन नगरपालिका | ४६ | ५ | ३५३८ | ० | ० | ० | ४६ | ५ | ३५३८ | ५२४ | ० | ३०१४ | ० | ० | ३०१४ | ० | ० | ० |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | मंगलसेन नगरपालिका | अछाम | २१३१५ | २४९८७७ | २७२२९९ | ९०७९ | ५३१२५५ | ३११४९० | १८१४९४ | ३२९ | ४९३३१३ | ५९२५७ |